# लालझाडी राजपत्र


## लालझाडी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ८ मिति २०८१ मंसिर १६ गते**


## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७७** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो मापदण्ड प्रकाशन गरिएको छ;

संवत् २०८१ को कार्यविधि नं. ४

**प्रस्तावनाः** विपद् जोखिमको पूर्वानुमान वा पूर्वसूचना पाएपछि विपद्जन्य घटना घट्नु अगावै उपलब्ध हुने निश्चित समयावधिमा प्रभावकारीरूपमा विपद् पूर्वतयारी तथा अग्रिम

प्रतिकार्य गरी सम्भावित प्रकोपबाट हुन सक्ने जनधनको क्षतिका साथै विपद्को प्रभाव कम गर्न वाञ्छनीय भएकोले,

लालझाडी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्य कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरे पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"अग्रिम प्रतिकार्य"** वा **"पूर्वकार्य"** भन्नाले प्रकोप वा विपद्जन्य घटनाको बारेमा भरपर्दो र आधिकारिक पूर्वानुमान सूचना प्राप्त भएपछि सोही सूचनाका आधारमा सम्भावित विपद्बाट जनधनको क्षति र दैनिक जनजीवनमा

पर्न सक्ने प्रतिकूल प्रभाव कम गर्न पूर्वानुमान गरिएको सम्भावित घटना हुनु अगावै पूर्वनिर्धारित विधि बमोजिम गरिने विपद् पूर्वतयारी र प्रतिकार्य सम्झनुपर्छ ।

ख) **"अवसर समय"** भन्नाले सम्भावित प्रकोपको पूर्वसूचना प्राप्त भएपछि घटना घट्नु अघिसम्मको समय अवधिलाई सम्झनुपर्छ ।

ग) **"अध्यक्ष"** भन्नाले लालझाडी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

घ) **"आपत्कालीन कार्यसञ्चालन केन्द्र"** भन्नाले लालझाडी गाउँपालिकाको आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनुपर्छ । सो शव्दावलीले आपत्कालीन कार्यसञ्चालन केन्द्रको काम गर्न शाखा वा इकाई समेतलाई जनाउँदछ ।

ङ) **"ऐन"** भन्नाले गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

च) **"कार्यदल"** भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठन भएको कार्यदल सम्झनुपर्छ ।

छ) **"गाउँपालिका"** भन्नाले लालझाडी गाउँपालिका सम्झनुपर्छ ।

ज) **"जल तथा मौसम विज्ञान विभाग"** भन्नाले नेपाल सरकारको जल तथा मौसम विज्ञान विभाग सम्झनुपर्छ । सो शब्दावलीले विभाग अन्तरगतका कार्यालयलाई समेत जनाउँदछ ।

झ) **"जिल्ला प्रशासन कार्यालय"** भन्नाले नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गतको



लालझाडी गाउँपालिका

कञ्चनपुर जिल्ला प्रशासन कार्यालय सम्झनुपर्छ ।

ञ) **"निर्देशन"** भन्नाले यो कार्यविधिको दफा ८ बमोजिमको लिखित, मौखिक वा सङ्केतका रूपमा दिइने निर्देशन वा सुझाव सम्झनुपर्छ ।

ट) **"निर्णायक पल"**, **"निर्णायक अवस्था"** वा **"ट्रिगर"** भन्नाले यस कार्यविधि वा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा पूर्वनिर्धारित मापदण्ड, लक्षण, सूचक वा सूचकाङ्क बमोजिमको सतर्क रहनुपर्ने, आवश्यक तयारी गरी तत्पर रहनुपर्ने वा प्रतिकार्य कार्य गर्नुपर्ने जोखिम अवस्थामा सम्बन्धित अधिकारी, समुदाय, संघसंस्था वा निकायले पूर्वनिर्धारित कदम चाल्नुपर्ने निर्णायक

समय सम्झनुपर्छ । पूर्वानुमान गरिएको सम्भावित प्रकोपमा उल्लेखित कुनै अवस्था देखियो भने पहिले तय गरिएका पूर्वकार्य गरिन्छ ।

ठ) **"पूर्वानुमान"** वा "पूर्वानुमान सूचना" भन्नाले आधिकारिक स्रोतबाट प्राप्त हुने अतिवृष्टि, आँधीबेहरी, असिना, शीतलहर, लू, खडेरी, बाढी, नदीको तटबन्ध भत्कने, नदी खोलाको धार परिवर्तन, आगलागी, रोगव्याध, खेतिबालीमा हुनसक्ने रोग किराको प्रकोप वा पशुपक्षीमा हुनसक्ने रोगव्याध लगायतका प्रकोपको पूर्वानुमान वा सो प्रकोपले गाउँपालिका क्षेत्रमा पार्न सक्ने सम्भावित असरसम्बन्धी अग्रिम जानकारीको सूचना, सो

सम्बन्धी नक्सा वा सङ्केत समेतलाई सम्झनुपर्छ ।

ड) **"बस्दोबस्ती"** भन्नाले विपद् जोखिममा रहेका व्यक्ति, परिवार वा समुदायका साथै निजी तथा सार्वजनिक धनमाललाई सुरक्षित स्थानमा लैजान पहुँच मार्ग, ढुवानी वा यातायातका साधन, आश्रयस्थलमा खानेपानी, खाना, कपडा, शौचालय, स्वास्थ्य सेवा, सुरक्षा लगायतका आधारभुत सेवा सुविधाका साथै पूर्वसूचनाका आधारमा गरिने जोखिम न्यूनीकरण, तयारी र उद्धार तथा राहतका लागि आवश्यक जनशक्ति, उपकरण, सामग्री वा नगद तत्काल परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखी व्यवस्थापन गर्ने कार्य सम्झनुपर्छ ।

ढ) **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना"** वा **"योजना"** भन्नाले गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सम्झनुपर्छ ।

ण) **"जोखिम समूहमा रहेका व्यक्ति"** भन्नाले प्रकोपको जोखिममा रहेका समुदायका अपाङ्गता भएका, वृद्धवृद्धा, बालबालिका, सुत्केरी, गर्भवती, लगायतका व्यक्तिलाई सम्झनुपर्दछ ।

३. <u>उद्देश्यः</u> पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्यको मुख्य उद्देश्य प्रकोप पूर्वसूचना प्रणालीको उपयोग गरी उपलब्ध अवसर समयमा उपयुक्त पूर्वतयारी र अग्रिम प्रतिकार्य गरी सम्भावित प्रकोपबाट जनधनको रक्षा गर्नु र विपद् प्रभाव कम गर्नु हो । यस कार्यविधिको उद्देश्य गाउँपालिकाको साथै सम्बन्धित निकाय, संघसंस्था, निजी क्षेत्र, समुदायलाई पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी र अग्रिम प्रतिकार्य गर्न आवश्यक मार्दशर्दन प्रदान गर्नु रहेको छ ।

## परिच्छेद - २

## प्रकोप तथा विपद् जोखिम विश्लेषण र पूर्वसूचना प्रणाली

४. **प्रकोप तथा विपद् जोखिम विश्लेषणः** (१) उपयुक्त विधि र प्रविधि प्रयोग गरी विपद् जोखिम विश्लेषण विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (पहिलो संशोधन, २०७६) बमोजिम गाउँपालिका क्षेत्रमा स्थानीय तथा अन्यत्रबाट उब्जने प्रकोपको विपद् जोखिम लेखाजोखा र नक्शाङ्कन गरी वार्षिकरूपमा अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रकोपको सम्मुखता तथा त्यसबाट हानिनोक्सानी हुन सक्ने जोखिमका सूचकको आधारमा समुदाय तथा घरधुरीलाई उच्च जोखिम, मध्यम जोखिम र सामान्य जोखिम समूहमा वर्गीकरण गरी वार्षिकरूपमा अद्यावधिक गर्नुपर्नेछ ।

विभिन्न प्रकोपको विपद् जोखिममा रहेका समुदायको वर्गीकरण गर्ने सूचकहरू तथा विभिन्न वर्गको जोखिममा रहेका घरधुरीको विवरण सम्बन्धी फारामहरू अनुसूची - १ मा दिइएको छ ।

(३) अन्य प्रकोपको हकमा उपयुक्त सूचकहरूको आधारमा गाउँ विपद् व्यवस्थापन समितले समुदाय तथा घरधुरीलाई जोखिम समूहमा वर्गीकरण गर्नुपर्नेछ ।साथै, वार्षिकरूपमा अद्यावधिक

गर्नुपर्नेछ । प्रकोपको प्रकृति अनुसार जोखिमको सूचक फरक हुन सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्राप्त विभिन्न प्रकोपको विपद् जोखिम सम्बन्धी जानकारीलाई गाउँपालिकामा पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्य गर्दा उपयोग गरिनेछ ।

५. **<u>प्रकोपको निगरानीः</u>** (१) गाउँपालिकामा मौसमजन्य प्रकोप र बाढीको निगरानी देहाय बमोजिम रहेको छः-

क) दोदा नदी साथै यसका सहायक नदीको जलाधार क्षेत्रमा उत्पन्न भई गाउँपालिका क्षेत्रमा असर गर्न सक्ने वर्षा लगायतका मौसमजन्य प्रकोपको निगरानी,

ख) दोदा नदी र यसका सहायक नदीहरूमा बाढीको निगरानी,

ग) गाउँपालिकाको सरहद भित्र दोदा नदी, सुनवरा नदी , स्याली नदी र अन्य खोला खोल्सामा बाढीको (कटान, डुवान समेत) निगरानी, र

घ) गाउँपालिकाको सरहद भित्र अतिवृष्टि, आँधीबेहरी, असिना,

शीतलहर, लू, खडेरी, आगलागी, रोगव्याध, खेतिबालीमा हुनसक्ने रोग किराको प्रकोप वा पशुपक्षीमा हुन सक्ने रोगव्याध लगायतका प्रकोपको निगरानी र जोखिम अनुमान ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको निगरानी गरी प्रकोपको तत्कालको अवस्था र पूर्वानुमान जानकारीको लागि आपत्कालीन कार्यसञ्चालन केन्द्रले सम्बन्धित संघीय निकाय, प्रदेश सरकारका निकाय, दोदा नदीको उपल्लो जलाधार क्षेत्रका स्थानीय तहका साथै आवश्यकता अनुसार अन्य संघसंस्था र व्यक्तिसँग समन्वय गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको निगरानी गरी प्रकोपको तत्कालको अवस्था र पूर्वानुमान जानकारीको लागि आपत्कालीन कार्यसञ्चालन केन्द्रले गाउँपालिका अन्तर्गतका सम्बन्धित विषयका शाखा, वडा, सामुदायिक विपद् व्यवस्थापन समिति साथै आवश्यकता अनुसार गैरसरकारी तथा निजी क्षेत्रका संघसंस्था वा व्यक्ति परिचालन तथा समन्वय गर्नेछ ।

(४) उपदफा (१) मा उल्लिखित बाहेकका अन्य प्रकोपको अनुगमन तथा निगरानी सम्बन्धित

विषयको संघीय निकाय, प्रदेश सरकारको निकाय वा अन्य उपयुक्त संघसंस्थासँग समन्वय गरी उपलब्ध विधि तथा प्रविधिको आधारमा गाउँपालिकाले गर्न, गराउन सक्नेछ।

६. **<u>पूर्वसूचना सञ्चार संयन्त्रः</u>** **(१)** दफा ५ बमोजिम निगरानी गरी दफा ७ को उपदफा (१) मा उल्लिखित विभिन्न स्रोतबाट प्रकोपको पूर्वानुमान प्राप्त गर्न साथै तयार गरिएको सुझाव तथा निर्देशन सहितको सूचना सम्प्रेषण गर्न अनुसूची – २ बमोजिमको संस्थागत संयन्त्र परिचालन गरिनेछ ।

(२) गाउँपालिकाको विभिन्न शाखाले वडा, समुदाय तथा सम्बन्धित संघसंस्था, निकाय र व्यक्तिसँग सम्पर्क गर्ने सूचना संयन्त्र फरक हुन सक्नेछ । जस्तैः सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले अपाङ्गता भएका, वृद्धवृद्धा लगायतका व्यक्ति वा तिनका अभिभावकसँग सम्पर्क गर्ने सूचना संयन्त्र वा जनस्वास्थ्य शाखाले अस्पताल, सम्बन्धित स्वास्थ्य चौकी, स्वास्थ्य स्वयंसेवकसँग सम्पर्क गर्ने सञ्चार संयन्त्र ।

७. **<u>पूर्वानुमानको प्राप्तिः</u>** (१) आपत्कालीन कार्यसञ्चालन केन्दमा प्रकोपको पूर्वानुमान देहाय बमोजिमका स्रोतबाट प्राप्त गरिनेछ ।

क) मौसम तथा मौसमजन्य प्रकोपको पूर्वानुमान जल तथा मौसम विज्ञान विभाग वा सम्बन्धित कार्यालय,

ख) दोदा नदी तथा यसका सहायक नदीका माथिल्लो जलाधारमा बाढीको पूर्वानुमान जल तथा मौसम विज्ञान विभाग वा कोल्मोडा, बेलकुन्दी, पूर्व-पश्चिम राजमार्ग र तिल्कीमा रहेका जल सतह मापन केन्द्रबाट,

ग) आगलागी, रोगव्याधको महामारी, खेतिबालीमा हुनसक्ने रोग किराको प्रकोप वा पशुपक्षीमा हुनसक्ने रोगव्याध लगायतका प्रकोपको पूर्वानुमान सम्बन्धित विषयको संघीय निकायबाट वा अन्य उपयुक्त स्रोतबाट,

घ) जिल्ला प्रशासन कार्यालयबाट, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट ।

ङ) प्रकोपको प्रकृति अनुसार गाउँपालिका भित्र स्थानीय निगरानीबाट र

च) नेपाल सरकारको अन्य आधिकारिक तथा भरपर्दो स्रोतबाट ।

(२) गाउँपालिकामा देहाय बमोजिमको समयावधि भएको मौसमजन्य प्रकोपको पूर्वानुमान उपलब्ध हुन सक्नेछ ।

क) ऋतु शुरु हुनुभन्दा करिब एक महिना पहिले उपलब्ध हुने ऋतुगत परिदृष्य पूर्वानुमान ।

ख) पन्ध्र (१५) दिन सम्मको मौसम तथा बिषम मौसमी घटनाको पूर्वानुमान,

ग) सात (७) दिन सम्मको मौसम तथा बिषम मौसमी घटनाको पूर्वानुमान,

घ) तीन (३) दिनको मौसम पूर्वानुमान,

ङ) २४ घण्टाको मौसम पूर्वानुमान,

च) दोदा नदीको माथिल्लो जलाधार क्षेत्रमा वर्षा तथा दोदा नदी र

यसका नदीको जलसतह/बहाव निगरानीको आधारमा जल तथा मौसम विज्ञान विभाग वा सम्बन्धित गज रिडरबाट प्राप्त गर्न सकिने तल्लो तटीय क्षेत्रमा बाढीको विपद् जोखिम पूर्वानुमान,

छ) जल तथा मौसम विज्ञान विभागबाट प्रकाशन हुने शीतलहर, लू, भारी वर्षा, असिना, चटयाङ, डढेलो, आँधिबेहरी लगायतका प्रकोप जोखिम सम्भावना सम्बन्धी सम्बन्धी विशेष बुलेटिन,

ज) जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र वा नेपाल सरकारको सम्बन्धित विषयगत निकायबाट विभिन्न प्रकोपको जोखिमको बारेमा प्रकाशन हुने विशेष बुलेटिन,

झ) शीतलहर, खडेरी, वन डढेलो, अति गर्मी वा त्यसको कारण उत्पन्न हुने लु, कोभिड, डेङ्गु

जस्ता रोगव्याधको महामारी चलेको समयमा प्रकोपको तत्कालीन अवस्था र भविष्यमा प्रकोपको जोखिम कम वा बढी हुने सम्बन्धी पूर्वानुमान, र

ञ) गाउँपालिकामा भारी वर्षा वा अन्य कारणले हुने डुवान लगायतको बाढी साथै अन्य प्रकोपको स्थानीय निगरानी ।

(३) उपदफा (२) को खण्ड (छ), (ज), (झ) र (ञ) बमोजिमका प्रकोपको पूर्वसूचनाको अवसर-समय प्रकोपको प्रकृति र सम्बन्धित निकायबाट प्राप्त हुने सूचनाका आधारमा दफा १० बमोजिमको कार्यदलले तय गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (च) र (ञ) बमोजिमका प्रकोपको प्रकृतिका आधारमा कार्यदलले अवसर समय तय गर्न सक्नेछ । वर्षाको प्रकृति र बाढीको स्तर अनुसारको अवसर समयको मोटामोटि विवरण अनुसूची — ४ मा दिइएको छ ।

८. **पूर्वानुमान विश्लेषण तथा सुझाव, निर्देशन तयारीः** (१) दफा ७ को उपदफा (२) बमोजिम विभिन्न अवधिको पूर्वानुमान प्राप्त भएपछि कार्यदलले देहाय बमोजिमको

समय-अवधि भित्र विश्लेषण गरी सुझाव, निर्देशन तयार गर्नुपर्नेछ ।

क) आगामी ऋतुको परिदृष्य प्राप्त भएमा वा एक महिनाको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको सात दिन भित्र ।

ख) १५ दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको तीन दिन भित्र ।

ग) सात दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको २४ घण्टा भित्र ।

घ) तीन दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भए सोही दिन वा ६ घण्टा भित्र ।

ङ) २४ घण्टासम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएको एक घण्टा भित्र ।

च) दफा ७ को उपदफा (२) को खण्ड (च), (छ) र (ज) बमोजिमको पूर्वानुमान वा चेतावनी प्राप्त भएपछि तत्कालै वा हरसंभव छिटो

छ) शीतलहर, कोभिड, डेङ्गु, खडेरी, वन डढेलो जस्ता प्रकोप भैरहेको अवस्थामा त्यसको भावि प्रकृति, मात्रा, फैलावट र प्रभावको पूर्वानुमान प्राप्त भएमा तत्कालै ।

(२) दफा ५ र दफा ७ को उपदफा (२) मा उल्लिखित बाहेक अन्य प्रकृतिका प्रकोपको हकमा उपलब्ध अवसर समय अनुरूप कार्यदलले यस दफाको मार्गदर्शनमा रही उपयुक्त समय-अवधि भित्र विश्लेषण गरी परिमार्जित पूर्वानुमान तथा सुझाव, निर्देशन तयार गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पूर्वानुमान तथा निर्देशन तयार गर्दा देहायका विषयमा आधारित रही गर्नुपर्नेछः-

क) प्रकोपले असर गर्ने सक्ने भौगोलिक क्षेत्र, समुदाय, घरधुरी र जनसंख्या,

ख) क्षति हुन सक्ने निजी तथा सार्वजनिक सम्पत्ति, उद्योग र भौतिक पूर्वाधार,

ग) क्षति हुन सक्ने खेतिबालि, पशुपक्षी, वन, जलस्रोत तथा अन्य प्राकृतिक स्रोत,

घ) प्रभावित हुन सक्ने खानेपानी, खाद्यान्न, औषधि, शिक्षा, स्वास्थ्य, उद्योग तथा कलकारखाना सञ्चालन, यातायात, बजार, सञ्चार लगायतका आधारभुत तथा अत्यावश्यक सेवा,

ङ) सम्भावित समग्र प्रभावको स्तर,

च) प्रकोपको प्रकृति अनुसार व्यक्ति, समुदाय तथा सम्बन्धित निकायले अपनाउनुपर्ने सावधानी, जोखिम न्यूनीकरण तथा पूर्वतयारी,

छ) पूर्वानुमानको अवधि, पूर्वानुमान नमिल्न सक्ने सम्भावना, पूर्वानुमान अद्यावधिक गरिने समय र अन्य आवश्यक विषय ।

**नोटः-** पूर्वानुमान र निर्देशन स्थानीय समुदायले बुझ्ने भाषा र लवजमा बनाउनुपर्छ । पूर्वानुमान सूचना तथा निर्देशन लिखित, मौखिक वा अन्य उपयुक्त सङ्केतमा

तयार गर्न सकिने छ । विभिन्न प्रकारको अपाङ्गता भएकाहरूको लागि उनीहरूले बुझ्न सक्ने भाषा, सङ्केतमा समेत पूर्वानुमान र सुझाव, निर्देशन तयार गर्न सकिनेछ ।

९. **पूर्वानुमान तथा सुझाव, निर्देशन सम्प्रेषणः** (१) दफा ८ बमोजिम तयार गरिएको सुझाव, निर्देशन सहितको पूर्वानुमानलाई तत्कालै आपत्कालीन कार्यसञ्चालन केन्द्र वा सम्बन्धित शाखाबाट दफा ६ बमोजिमको पूर्वसूचना सञ्चार संयन्त्र मार्फत विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय, सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई संप्रेषण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संप्रेषण गरिने पूर्वसूचना सकभर छिटो र प्रभावकारी सञ्चार माध्यमबाट पठाउनुपर्नेछ । साथै, विभिन्न प्रकारको अपाङ्गता भएकाहरूले समेत समयमै सहजै सूचना प्राप्त गर्न सक्ने विधि र माध्यम समेत अपनाउनुपर्नेछ ।

(३) पूर्वानुमान र सुझाव, निर्देशनमा जोखिम समूहको सहज र प्रभावकारी पहुँच सुनिश्चित गर्न गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले आवश्यक पहल गर्नुपर्नेछ ।

(४) आपत्कालीन कार्यसञ्चालन केन्द्रको साथसाथै गाउँपालिकाको सम्बन्धित शाखाले आफ्नो कार्यक्षेत्र सम्बन्धित सुझाव, निर्देशन सम्बन्धित व्यक्ति, समुदाय, निजी क्षेत्र, सरकारी तथा गैरसरकारी संघसंस्था, निकायमा छिटो पुऱ्याउन हरसम्भव प्रयत्न गर्नुपर्नेछ।

१०. **कार्यदलको गठनः** (१) गाउँपालिकामा प्रकोप तथा विपद् जोखिम निगरानीको समन्वय गर्न, दफा ७ बमोजिम प्राप्त भएको पूर्वानुमानको विश्लेषण गर्न तथा सम्भावित प्रकोपको प्रभाव आँकलन गर्न आपत्कालीन कार्यसञ्चालन केन्द्रको प्रमुखको संयोजकत्वमा सम्बन्धित विषयका शाखाको कर्मचारी साथै विषय विज्ञ व्यक्ति रहेको देहाय बमोजिमको कार्यदल रहने छ ।

क) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख (आपत्कालीन कार्यसञ्चालन केन्द्रको प्रमुख) — संयोजक

ख) शिक्षा शाखाको प्रमुख वा सम्बन्धित विषयको कर्मचारी — सदस्य

ग) जनस्वास्थ्य शाखाको प्रमुख वा सम्बन्धित विषयको कर्मचारी — सदस्य

घ) महिला, बालबालिका तथा समाज कल्याण शाखाको प्रमुख वा सम्बन्धित विषयको कर्मचारी — सदस्य

ङ) कृषि विकास शाखाको प्रमुख वा सम्बन्धित विषयको कर्मचारी — सदस्य

च) पशु सेवा शाखाको प्रमुख वा सम्बन्धित विषयको कर्मचारी — सदस्य

छ) सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख वा शाखाको कर्मचारी — सदस्य

ज) सूचना प्रविधि शाखाको प्रमुख वा सम्बन्धित विषयको कर्मचारी — सदस्य

झ) योजना शाखाको प्रमुख वा सम्बन्धित कर्मचारी — सदस्य

ञ) सहकारी शाखाको प्रमुख वा सम्बन्धित कर्मचारी — सदस्य

लालझाडी गाउँपालिका

ट) भौतिक पूर्वाधार शाखाको प्रमुख वा सम्बन्धित कर्मचारी — सदस्य

ठ) आर्थिक विकास शाखाको प्रमुख वा सम्बन्धित कर्मचारी — सदस्य

ड) अन्य आवश्यक व्यक्ति — सदस्य ।

(२) पूर्वानुमान भएको मौसम तथा प्रकोपको प्रकृति र उपलब्ध अवसर समय अनुसार पूर्वानुमान विश्लेषण र सुझाव निर्देशन तयार गर्न संयोजकले उपदफा (१) बमोजिमका सदस्यसँग कुनै पनि बखतमा आवश्यक सहयोग लिन सक्नेछ । सम्बन्धित शाखाको प्रमुखले उच्च प्राथमिकताका साथ संयोजकलाई तत्कालै आवश्यक सहयोग गर्नु, गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यदलमा संयोजकले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ व्यक्तिलाई समावेश गर्न सक्नेछ ।

(४) संयोजकले कार्यदलका सदस्यको सहयोगमा पूर्वानुमानको विश्लेषण गरी गाउँपालिका क्षेत्रमा जनधनको सुरक्षाका साथै समुदायमा स्वास्थ्य सेवा, खाद्यान्न, खानेपानी, यातायात, आवास, शिक्षा,

यातायात, सञ्चार लगायतका आधारभुत तथा अत्यावश्यक सेवा सुविधामा पर्नसक्ने असर/प्रभावको लेखाजोखा गर्नेछ र स्थानीय परिवेश बमोजिमको पूर्वानुमान तथा सुझाव, निर्देशन तयार गर्नेछ ।

(५) संयोजकले उपदफा (४) बमोजिम पूर्वानुमानको विश्लेषण तथा सम्भावित विपद् प्रभावको आँकलन गर्न आवश्यकता अनुसार सम्बन्धित विषयको संघीय सरकारको निकाय, प्रदेश सरकारको निकाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्रका संघसंस्था वा विज्ञ व्यक्तिको सहयोग लिन सक्नेछ ।

(६) संयोजकले आवश्यकता अनुसार कार्यदललाई क्रियाशिल बनाउनेछ । कार्यदललाई प्रभावकारी र परिणाममुखी बनाउन प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका अध्यक्ष / उपाध्यक्षले सहयोग गर्नुपर्नेछ साथै आवश्यक परेमा कार्यदलको नेतृत्व गर्नुपर्नेछ ।

(७) कार्यदलको अन्य जिम्मेवारी अनुसूची – ३ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्य

११. **पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्य योजनाः** (१) गाउँ विपद् व्यवस्थापन समितिले विपद्

पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दा वा योजना अद्यावधिक गर्दा गाउँपालिकाको समग्र विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग तालमेल हुने गरी पूर्वानुमान गर्न सम्भव हुने प्रकोपको लागि पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्य योजना तर्जुमा गर्नुपर्नेछ । पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्यसम्बन्धी क्रियाकलापलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा समावेश गरी लागु गर्नुपर्नेछ । छुट्टै योजना तयार गरी वा अलग्गै लागु गर्नु, गराउनु हुँदैन ।

(२) दफा ७ बमोजिम प्राप्त भएको विभिन्न प्रकोपको पूर्वानुमान सूचना र दफा ८ बमोजिम आँकलन गरिएको सम्भावित प्रभावको आधारमा पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्य गरिनेछ ।

(३) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य वा नयाँ प्रकोपको पूर्वानुमान वा पूर्वसूचना प्राप्त भएमा सम्बन्धित प्रकोपको प्रकृति, सम्भावित असर र उपलब्ध अवसर समयको आधारमा पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्य गर्नुपर्नेछ ।

१२. <u>ऋतुगत परिदृष्यका आधारमा गरिने पूर्वतयारीः</u> (१) हावापानीका दृष्टिले वर्षभरीका विभिन्न ऋतु र तिनको

अवधि सम्बन्धी जानकारी अनुसूची — ४ मा दिइएको छ । जल तथा मौसम विज्ञान विभागले ऋतु शुरु हुनु अगावै आगामी ऋतुमा वर्षा, तापक्रम लगायतका मौसमी अवस्थाको समग्र परिदृष्य बुलेटिन जारी गर्दछ ।त्यस्तो ऋतुगत परिदृष्य प्राप्त भएपछि गर्नुपर्ने पूर्वतयारीका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

क) ऋतुगत परिदृष्य अनुसार गाउँपालिका क्षेत्रमा पर्न सक्ने सम्भावित प्रभावको विश्लेषण गरी स्थानीय परिदृष्य सहितको पूर्वसूचना तयार गर्ने,

ख) सम्भावित प्रकोपको विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई स्थानीय मनसुन परिदृष्यको पूर्वसूचना र सुझाव संप्रेषण गर्ने,

ग) बालबालिका, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्ति,

वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृतलाई उपयुक्त माध्यमबाट पूर्वानुमान, सम्भावित प्रभाव तथा सुझाव उपलब्ध गराउने,

घ) गाउँपालिकाको पूर्वसूचना सञ्चार संयन्त्र अद्यावधिक गर्न बाँकी भए छिट्टै अद्यावधिक गर्ने,

ङ) प्रकोपको स्थानीय निगरानी प्रणालीलाई सक्रिय बनाउने,

च) जल तथा मौसम विज्ञान विभाग, जिल्ला प्रशासन कार्यालय, अन्य गाउँपालिका, नगरपालिका र संघ तथा प्रदेशका सम्बन्धित कार्यालय, निकायसँग समन्वय गर्ने,

छ) गाउँ तथा वडा विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक विपद् पूर्वतयारी भए नभएको समिक्षा गरी अपुग तयारी पुरा गर्ने,

ज) समुदायमा क्रियाशिल सामुदायिक विपद् व्यवस्थापन समिति, संघसंस्थालाई पूर्वतयारी सम्पन्न गर्न अनुरोध गर्ने,

झ) विभिन्न स्तरको विपद् जोखिममा रहेका समुदाय तथा घरधुरी, पशुपक्षीको तथ्याङ्क (अनुसूची – १) अध्यावधिक गर्ने,

ञ) बालबालिका, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, आर्थिक-सामाजिक हिसाबले सिमान्तकृत लगायतका व्यक्ति, घरधुरी तथा समुदायको तथ्याङ्क विवरण अद्यावधिक गर्ने,

ट) पूर्वकार्यका लागि कृषि, खानेपानी, शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय, बजार, सञ्चार, विद्युत, यातायात, सुरक्षा निकाय, दूरसञ्चार, पत्रकार लगायतका

विषयक्षेत्रका सरोकारवालासँग समन्वय गर्ने,

ठ) सुरक्षित स्थान, आश्रय भवनहरूको विवरण अद्यावधिक हुन बाँकि भए सो गर्ने साथै अपुग स्थान पूर्ति गर्न थप स्थानको पहिचान र निर्धारण गर्ने, गराउने,

ड) आश्रयस्थलमा खानेपानी, शौचालय, विद्युत, सुरक्षा लगायतका आधारभुत आवश्यक सेवा सुविधाको व्यवस्था गर्न बाँकि भए सो पुरा गर्ने,

ढ) पशु चौपायाका लागि सुरक्षित आश्रयस्थलको पहिचान तथा बन्दोबस्ती गर्ने,

ण) जोखिममा रहेका समुदाय धनमाल, निजी तथा सार्वजनिक भौतिक संरचनाको सुरक्षा तथा आधारभूत सेवा सुचारु गर्न जोखिम न्यूनीकरण, उद्धार तथा



लालझाडी गाउँपालिका

राहतका लागि आवश्यक बन्दोबस्ती पुरा गर्ने,

त) परिदृष्यका आधारमा विषयक्षेत्रगत समुह/क्लष्टरहरूको योजना अद्यावधिक गर्ने, गराउने,

थ) समुदाय तथा गाउँपालिका स्तरमा पूर्वानुमान गरिएको परिदृष्यमा आधारित कृत्रिम/नमुना घटना अभ्यास गर्ने,

द) आर्थिक तथा प्राविधिक हिसावले सम्भव हुने र तत्काल गर्न सकिने तटबन्ध, झरन, कुलो, नाला, सडकको ढल सफाई लगायतका उपाय गरी जोखिम न्यूनीकरण गर्ने, गराउने,

ध) पूर्वानुमानका साथै तोकिएको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा

सरोकारवालालाई सचेतना कार्यक्रम सञ्चालन गर्ने,

न) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउन सक्ने विभिन्न किसिमको सहयोग र परिमाण यकिन गर्ने, साथै अनुदानको लिखित सम्झौता वा प्रतिवद्धता गर्ने,

ऩ) पूर्वानुमानमा आधारित अग्रिम प्रतिकार्य तथा आपत्कालीन प्रतिकार्य गर्न आवश्यक वस्तु तथा सेवा खरिद गर्न व्यापारी तथा सेवा प्रदायकसँग अनुबन्ध करार गर्ने,

प) आवश्यक बजेटको व्यवस्था गर्ने साथै बिमा, सामाजिक सुरक्षा प्रणाली लगायतका रणनीति लागू गर्ने, गराउने, र

फ) अन्य आवश्यक काम गर्ने, गराउने ।



लालझाडी गाउँपालिका

(२) पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

(३) ऋतुगत पूर्वानुमान प्राप्त भएपछि सो ऋतु शुरु हुनु भन्दा कम्तिमा ५ दिन अगावै उपदफा (१) बमोजिमका कामहरू सम्पन्न गरी गाउँपालिका, वडा तथा समुदायको योजना अद्यावधिक गरिसक्नुपर्नेछ ।

१३. **पन्ध्र दिनको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यः** (१) पन्ध्र दिन सम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

क) पूर्वानुमानको विश्लेषण गरी गाउँपालिकामा सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग

व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

ग) बालबालिका, वृद्धवृद्धा, आर्थिक सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

घ) त्रास फैलिन नदिन साथै पूर्वानुमानमा अन्तरनिहित अनिश्चितता र पुर्वानुमानको अद्यावधिक सूचनामा ध्यान दिने बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

ङ) गाउँ विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक पूर्वतयारी भए नभएको समिक्षा गर्ने, साथै अपुग तयारी पुरा गर्ने, गराउने,

च) सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा लैङ्गिक-मैत्री आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ती सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

छ) उच्च जोखिममा रहेका घरधुरीले अवस्था हेरी जोखिममा रहेका परिवारका सदस्य तथा धनमाललाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने,

ज) जोखिममा रहेका समुदाय तथा व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने भएमा उनीहरूलाई आवश्यक पर्ने मानवीय सहायताको यकिन गर्ने,

झ) पूर्वानुमानको समय अवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

ञ) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी

उनीहरूले उपलब्ध गराउन सक्ने सहयोग तयारी अवस्थामा राख्न अनुरोध गर्ने,

ट) विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न अनुबन्ध करार गरिएका व्यापारी तथा सेवा प्रदायकलाई आवश्यक बन्दोबस्ती गर्न सूचना गर्ने,

ठ) पूर्वानुमान बमोजिमको प्रकोपबाट उत्पन्न हुन सक्ने सम्भावित विपद्बाट जनधनको रक्षा गर्न तत्काल जोखिम न्यूनीकरण गर्न संभव भएमा गर्ने, गराउने, र

ड) अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१४. **सात दिनको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यः** (१) सात दिन सम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

क) पूर्वानुमानको विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई आवश्यक परिमार्जन गर्ने,

ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

ग) बालबालिका, वृद्धवृद्धा, आर्थिक सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्ति वा उनीहरूका अभिभावकलाई उपयुक्त

लालझाडी गाउँपालिका

माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

घ) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

ङ) त्रास फैलिन नदिन साथै पूर्वानुमानमा अन्तरनिहित अनिश्चितता आगामी दिनमा जारी गरिने अद्यावधिक सूचनाको बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

च) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

छ) अद्यावधिक पूर्वानुमानको लागि जल तथा मौसम विज्ञान विभाग, कञ्चनपुर जिल्ला प्रशासन कार्यालय लगायतका निकायसँग समन्वय गर्ने,

ज) गाउँ विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वानुमान

बमोजिम आवश्यक विपद् पूर्वतयारी भए नभएको समिक्षा गर्ने, अपुग तयारी पुरा गर्ने, गराउने,

झ) सुरक्षित आश्रयस्थल, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा लैङ्गिक-मैत्री आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ती सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

ञ) अवस्था हेरी जोखिममा रहेका घरधुरीका व्यक्ति, कागजात, पशुपक्षी, अन्नपात, मेशिनऔजार लगायतका धनमाललाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने,

ट) जोखिममा रहेका समुदाय तथा व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने व्यक्ति वा घरधुरीलाई आवश्यक पर्ने मानवीय सहायताको यकिन गर्ने,

ठ) भारी वर्षा, आँधिबेहरी, असिना, भलबाढी तथा डुवानबाट क्षति हुन सक्ने बालिनालि स्याहार्न

सकिने अवस्थामा भए स्याहार्न किसानलाई अनुरोध गर्ने,

ड) वडा, सामुदायिक विपद् व्यवस्थापन समिति तथा सम्बन्धित संघसंस्थाले सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ती गर्ने,

ढ) पूर्वानुमान बमोजिमको प्रकोपबाट उत्पन्न हुन सक्ने सम्भावित विपद्बाट जनधनको रक्षा गर्न तत्काल जोखिम न्यूनीकरण गर्न संभव भएमा गर्ने, गराउने,

ण) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउन सक्ने सहयोग तयारी अवस्थामा राख्न अनुरोध गर्ने,

त) जोखिममा रहेका समुदायलाई विपद् प्रतिकार्य गर्न अग्रिम सहायता उपलब्ध गराउनु पर्ने

भएमा सहयोगी संघसंस्थासँग समन्वय गरी दफा २१ बमोजिमको पूर्वस्वीकृत प्रक्रिया र मापदण्ड बमोजिमको नगद, प्राविधिक सेवा वा सामग्री उपलब्ध गराउने,

थ) विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न अनुबन्ध करार गरिएका व्यापारी तथा सेवा प्रदायकलाई आवश्यक बन्दोबस्ती गर्न सूचना गर्ने,

द) विपद्को बेला बिजुली र टेलिफोन नेटवर्क हुन नसक्ने हुँदा सोलार बत्ती, चार्जर, टर्च, रिचार्ज कार्ड जस्ता सामग्रीको जोहो गर्न लगाउने र

ध) अन्य आवश्यक कार्य गर्ने, गराउने,

(२) पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी,

आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१५. **<u>तीन दिनको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यः</u>** (१) तीन दिनसम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

क) पूर्वानुमानको विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका

व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

घ) त्रास फैलिन नदिन साथै आगामी दिनमा जारी गरिने अद्यावधिक सूचनाको बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने,

ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

च) अद्यावधिक पूर्वानुमानको लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटमा हेर्ने वा फोन गरी जानकारी लिने, जिल्ला प्रशासन कार्यालय लगायतका निकायसँग समन्वय गर्ने,

छ) गाउँ विपद् व्यवस्थापन समितिको बैठक गरी पूर्वानुमान बमोजिम आवश्यक विपद् पूर्वकार्य गर्ने विषयमा छलफल गर्ने,

ज) अवस्था हेरी माइकिङ गर्ने, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्ठी बजाएर सम्बन्धित समुदाय तथा सरोकारवालालाई

तयारी र सतर्क अवस्थामा रहन निर्देशन दिने,

झ) सबै विषयक्षेत्र, वडा तथा सामुदायिक विपद् व्यवस्थापन समितिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने,

ञ) अवस्था हेरी सम्भावित विपद्को जोखिममा रहेका घरधुरीले बिरामी, अपाङ्गता भएका, वृद्धवृद्धा, महिना पुगेका गर्भवती महिला, बालबालिका साथै कागजात, पशुपक्षी, अन्नपात, मेसिन औजार लगायतका धनमाललाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने,

ट) जोखिममा रहेका समुदाय तथा व्यक्तिलाई आवश्यक पर्ने मानवीय सहायताको यकिन गर्ने,

ठ) भारी वर्षा, आँधिबेहरी, असिना, भलबाढी तथा डुवानबाट क्षति हुन सक्ने बालिनालि प्रकोप आउनु अगावै स्याहार्न सकिने

अवस्थामा भए स्याहार्न किसानलाई निर्देशन दिने,

ड) जोखिममा रहेका व्यक्ति, परिवार वा समुदायलाई विपद् प्रतिकार्य गर्न अग्रिम सहायता उपलब्ध गराउनु पर्ने भएमा सहयोगी संघसंस्थासँग समन्वय गरी दफा २१ बमोजिमको पूर्वस्वीकृत प्रक्रिया र मापदण्ड बमोजिम नगद, प्राविधिक सेवा वा उपयुक्त राहत सहायता सामग्री उपलब्ध गराउने,

ढ) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

ण) वडा, सामुदायिक विपद् व्यवस्थापन समिति तथा सम्बन्धित संघसंस्थाले सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक



लालझाडी गाउँपालिका

सामग्री र सेवा सुविधाको बन्दोबस्ती सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

त) विपद् प्रतिकार्यका लागि आवश्यक बस्तु तथा सेवा खरिद गर्न अनुबन्ध करार गरिएका व्यापारी तथा सेवा प्रदायकलाई चाहिएको बखतमा तत्काल आपूर्ति गर्ने गरी आवश्यक बन्दोबस्ती गर्न सूचना गर्ने,

थ) विपद्को बेला बिजुली र टेलिफोन नेटवर्क हुन नसक्ने हुँदा सोलार बत्ती, चार्जर, टर्च, रिचार्ज कार्ड जस्ता सामग्रीको जोहो गर्न लगाउने,

द) जिल्ला प्रशासन कार्यालय एवं सुरक्षा निकायसँग समन्वय गरी सम्भावित खोज तथा उद्धार साथै सुरक्षा कायम गर्न आवश्यक पर्ने सहायताबारे जानकारी गराउने र

ध) अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१६. **<u>चौबिस घण्टाको पूर्वानुमानका आधारमा गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यः</u>** (१) चौबिस घण्टासम्मको अवसर समय रहेको पूर्वानुमान प्राप्त भएपछि गरिने पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका क्रियाकलाप देहाय बमोजिम रहेका छन् ।

क) पूर्वानुमानको यथासिघ्र विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने,

ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला संघसंस्थालाई सुझावसहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण गर्ने,

ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका

व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने,

घ) त्रास फैलिन नदिन साथै समय-समयमा दिइने अद्यावधिक सूचनाको बारेमा ध्यान दिन समुदाय तथा सरोकारवालालाई सचेत गर्ने,

ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

च) अद्यावधिक पूर्वानुमानको लागि जल तथा मौसम विज्ञान विभाग, जिल्ला प्रशासन कार्यालय लगायतका निकायसँग समन्वय गर्ने,

छ) जोखिम क्षेत्रमा रहेका समुदायमा माइकिङ्ग गर्ने, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्ठी बजाएर तयारी र सतर्क अवस्थामा रहन निर्देशन दिने,

ज) सबै विषयक्षेत्र सक्रिय बनाउने,

झ) सम्भावित विपद्को जोखिम क्षेत्रमा रहेका समुदायलाई सुरक्षित स्थानमा जान, रहन



लालझाडी गाउँपालिका

निर्देशन दिने साथै वडा तथा सामुदायिक विपद् व्यवस्थापन समिति परिचालन गरी जोखिममा रहेका समुदाय तथा तिनका धनमाल पूर्वनिर्धारित सुरक्षित स्थान, आश्रयस्थलमा सार्न आवश्यक व्यवस्था मिलाउने,

ञ) विपद् जोखिममा रहेका व्यक्ति तथा समुदायलाई आवश्यक पर्ने मानवीय सहायताको यकिन गर्ने,

ट) भारी वर्षा, आँधिबेहरी, असिना, भलबाढी तथा डुवानबाट क्षति हुन सक्ने बालिनालि प्रकोप आउनु अगावै स्याहार्न सकिने अवस्थामा भए स्याहार्न किसानलाई निर्देशन दिने,

ठ) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने, गराउने,

ड) वडा, सामुदायिक विपद् व्यवस्थापन समिति तथा

सम्बन्धित संघसंस्थाले सुरक्षित स्थान, सुरक्षित स्थानमा जाने मार्ग र साधन तथा आश्रयस्थलमा चाहिने आवश्यक सामग्री र सेवा सुविधाको बन्दोबस्ती सहित अस्थायी आश्रयस्थल तयार गर्ने,

ढ) प्रकोपको जोखिम भएका क्षेत्रमा आवतजावत नियन्त्रण वा बन्द गर्ने,

ण) गाउँपालिकामा कार्यरत साझेदार संघसंस्थासँग समन्वय गरी उनीहरूले उपलब्ध गराउन सक्ने सहयोग गाउँपालिका वा तोकिएको वडा, सामुदायिक विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गर्न अनुरोध गर्ने,

त) आश्रयस्थलमा सरेका जनसंख्या र आवश्यकताको आधारमा खाद्यान्न साथै अन्य बस्तु तथा सेवा बन्दोबस्ती गर्ने,

थ) अस्थायी आश्रयस्थलमा आधारभुत सेवा सुविधा र सुरक्षाको व्यवस्था गर्ने, गराउने,

द) जिल्ला प्रशासन कार्यालय एवं सुरक्षा निकायसँग समन्वय गरी सम्भावित खोज तथा उद्धार साथै आश्रयस्थल र जोखिम क्षेत्रका समुदायको घर, टोल छिमेकमा सुरक्षा कायम गर्न आवश्यक पर्ने सहायता परिचालन गराउने र

ध) अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) पूर्वतयारी तथा प्रतिकार्य योजनामा उपदफा (१) मा उल्लिखित क्रियाकलाप सम्पन्न गर्ने समय-अवधि, कामको परिमाण तथा गुणस्तर, स्थान, जिम्मेवार अधिकारी, आवश्यक बजेट लगायतका विवरण समावेश गर्नुपर्नेछ ।

१७. **प्रकोपको तत्कालीन अनुमान, चेतावनी र प्रकोपको भावी अवस्था सम्बन्धी पूर्वानुमानको आधारमा गरिने प्रतिकार्यः** (१) छोटो अवसर समय भएको वा प्रकोप भैरहेको अवस्थामा उक्त प्रकोप भविष्यमा के कस्तो

हुनसक्छ भन्ने अनुमान गरी प्राप्त हुने पूर्वानुमानको आधारमा देहाय बमोजिम अग्रिम विपद् प्रतिकार्य गरिनेछ ।

क) परिस्थितिको यथासिघ्र विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र सुझाव, निर्देशन जारी गर्ने,

ख) उच्च जोखिम क्षेत्रमा रहेका समुदायमा माइकिङ गर्ने, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्ठी बजाएर सबै समुदाय सुरक्षित हुन अनुरोध गर्ने,

ग) भारी वर्षा वा बाढीको चेतावनी भए उच्च र मध्यम जोखिममा रहेका समुदायमा जोखिम समूहमा रहेका व्यक्ति र तिनका धनमाल सुरक्षित गर्न, सबै समुदाय सतर्क एवं सुरक्षित रहन निर्देशन दिने,

घ) त्रास फैलिन नदिन साथै समय-समयमा दिइने सूचनाको बारेमा

समुदाय तथा सरोकारवालालाई सजग गर्ने,

ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

च) सुरक्षा निकायसँग समन्वय र परिचालन गरी आवश्यकता अनुसार प्रकोपको उच्च जोखिममा रहेका सबै घरधुरीका मानिस, तिनका पशुपक्षी साथै सार्न मिल्ने सबै धनमाल सुरक्षित स्थानमा सार्ने,

छ) प्रकोपको जोखिम भएका क्षेत्रमा आवतजावत नियन्त्रण वा बन्द गर्ने,

ज) आश्रयस्थलमा आवश्यक आधारभुत सेवा सुविधा सञ्चालन गर्ने,

झ) जिल्ला प्रशासन कार्यालय एवं सुरक्षा निकायसँग समन्वय गरी आश्रयस्थल र जोखिम क्षेत्रका समुदायको घर, टोल छिमेकमा सुरक्षा कायम गर्न सहायता परिचालन गराउने, र

ञ) जनताको जिउधन सुरक्षा गर्न तत्काल आवश्यक देखिएको अन्य कार्य गर्ने ।

(२) दोदा नदी र स्याली नदीको बाढी अनुगमन केन्द्रमा चेतावनी तह पुगे वा पार गरेका देहाय बमोजिम गरिनेछ ।

क) जोखिम क्षेत्रमा रहेका समुदायमा माइकिङ गर्ने, पूर्वनिर्धारित सङ्केत बमोजिम साइरन, सिट्ठी बजाएर बाढीको उच्च जोखिममा रहेका समुदाय, जोखिम समूहमा रहेका व्यक्ति र तिनका धनमाल सुरक्षित स्थानमा सार्न र बाँकि सबै समुदाय तयारी र सतर्क अवस्थामा रहन निर्देशन दिने,

ख) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने,

ग) सुरक्षा निकायसँग समन्वय र परिचालन गरी बाढीको उच्च र मध्यम जोखिममा रहेका सबै घरधुरी र तिनका सार्न मिल्ने सबै धनमाल सुरक्षित स्थानमा सार्ने,



लालझाडी गाउँपालिका

घ) बाढीको उच्च र मध्यम जोखिममा रहेका समुदायमा जोखिम समूहमा रहेका व्यक्ति र तिनका धनमाललई सुरक्षित स्थानमा सार्ने,

ङ) प्रकोपको जोखिम भएका क्षेत्रमा आवतजावत नियन्त्रण वा बन्द गर्ने,

च) आश्रयस्थलमा आवश्यक आधारभुत सेवा सुविधा सञ्चालन गर्ने,

छ) जिल्ला प्रशासन कार्यालय एवं सुरक्षा निकायसँग समन्वय गरी आश्रयस्थल र जोखिम क्षेत्रका समुदायको घर, टोल छिमेकमा सुरक्षा कायम गर्न सहायता परिचालन गराउने र

ज) जनताको जिउधन सुरक्षा गर्न तत्काल आवश्यक देखिएको अन्य कार्य गर्ने ।

(३) गाउँपालिकामा रहेका अन्य खोला नदीमा बाढीको अवस्था र स्थानीय जोखिम हेरी तत्कालै

सम्बन्धित समुदाय तथा तिनका धनमालको सुरक्षा प्रवन्ध गर्नुपर्नेछ ।

(४) अन्य प्रकोपको हकमा सम्बन्धित प्रकोपको प्रकृति, सम्भावित असर र अवसर समयको उपलब्धताका आधारमा विपद् व्यवस्थापन समितिले पूर्वतयारी तथा अग्रिम प्रतिकार्य गर्न, गराउन सक्नेछ ।

१८. <u>**प्रकोपको स्थानीय निगरानी र चेतावनीको आधारमा गरिने प्रतिकार्य:**</u> (१) गाउँपालिकाको क्षेत्रमा दोदा तथा अन्य नदीनालामा बाढीको सतह बढेर वा तट, तटबन्ध कटान गरी समुदायमा बाढी पसेर क्षति गर्न सक्ने अवस्था देखिएमा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) तत्कालै रोकथामका उपाय गरी सम्भव भएसम्म जोखिम कम गर्ने,

ख) जोखिम क्षेत्रमा रहेका बासिन्दा तथा उनीहरूको धनमालन सुरक्षित स्थानमा सार्ने,

ग) विस्थापितहरूलाई आवश्यक मानवीय सहायता उपलब्ध गराउने,

घ) जोखिम क्षेत्रमा आवतजावत बन्द गर्ने, र

ङ) अन्य आवश्यक कार्य गर्ने ।

(२) स्वास्थ्य सम्बन्धी महामारीको जोखिमको पूर्वानुमान प्राप्त भएमा वा गाउँपालिकामा यस्तो अवस्था देखिएमा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) रोगव्याधको प्रकृति, बिस्तार र प्रभावस्तर अनुसार आवश्यक बचावट तथा रोग नियन्त्रण सम्बन्धी सुझाव तथा निर्देशन जारी गरी लागु गर्ने,

ख) रोगको सङ्क्रमण हुन नदिन आवश्यक सचेतना र प्रचारप्रसार गर्ने,

ग) स्वास्थ्य चौकी तथा अस्पतालमा सङ्क्रमित तथा बिरामीको लागि आवश्यक उपचार व्यवस्था मिलाउने साथै थप उपचार आवश्यक भए उपयुक्त अस्पतालमा पठाउने,

घ) रोग फैलिन नदिन सरुवा रोगका सङ्क्रमित तथा बिरामी र अन्य मानिसलाई छुट्याएर

राख्ने, भौतिक दुरी कायम गर्न सचेत गराउने,

ङ) महामारीको कारणबाट प्रभावित हुन सक्ने परिवारलाई प्रकोपको सामना गर्न मानवीय सहायता उपलब्ध गराउने, र

च) सम्बन्धित संघीय तथा प्रदेश निकायसँगको समन्वयमा अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(३) माथि उल्लिखित बाहेकका अन्य प्रकोपको जोखिम पूर्वानुमान भएको अवस्थामा प्रकोपको प्रकृति, मात्रा र सम्भावित प्रभावस्तर अनुसार कार्यदलले सुझाव, निर्देशन जारी गर्ने र विपद् व्यवस्थापन समितिले आवश्यक पूर्वकार्यहरू गर्ने गराउनेछ ।

१९. **<u>अवसर समय कम हुने प्रकोपको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्य</u>**: (१) गाउँपालिका क्षेत्रमा आँधी, हुरी, तुफान, चट्याङ, डढेलो, आगलागी लगायतका प्रकोप हुने पूर्वानुमान तथा तत्कालीन अवस्थाको जानकारीको आधारमा देहाय बमोजिम पूर्वकार्य गर्नुपर्नेछ ।

क) जोखिम क्षेत्रमा माइकिङ गरी जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा जान, रहन निर्देशन दिने,

ख) दमकल तथा उपयुक्त मेशिन औजार तयारी अवस्थामा राख्ने र आवश्यकता परे तत्काल परिचालन गर्ने,

ग) प्रकोपको जोखिममा रहेका समुदायमा जोखिम समूहमा रहेका व्यक्ति र तिनका धनमाललई सुरक्षित स्थानमा राख्ने,

घ) डढेलोको जोखिम भए नियन्त्रण गर्न र थप फैलिन नदिन अग्निरेखा बनाउने,

ङ) सुरक्षा निकायसँग समन्वय र परिचालन गरी आगलागीको जोखिममा रहेका सबै घरधुरी र तिनका सार्न मिल्ने सबै धनमाल सुरक्षित स्थानमा सार्ने,

च) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने, र

छ) जनताको जीउधन सुरक्षा गर्न तत्काल आवश्यक देखिएको अन्य कार्य गर्ने ।

२०. <u>**शीतलहर, तातो हावाको लहर, खडेरी, सङ्क्रामक रोगको महामारी लगायतका प्रकोपको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्यः**</u> (१) शीतलहर, तातो हावाको लहर, सङ्क्रामक रोगको महामारी लगायतका प्रकोपको पूर्वानुमान र उपलब्ध अवसर समयका आधारमा अग्रिम प्रतिकार्य क्रियाकलाप तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्दा देहाय बमोजिमका पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका क्रियाकलाप समावेश गर्नुपर्नेछ ।

क) पूर्वानुमानको यथासिघ्र विश्लेषण गरी सम्भावित प्रभाव आँकलन गर्ने र स्थानीय परिवेश अनुसार पूर्वानुमानलाई परिमार्जन गर्ने विषय र समय अवधि,

ख) विपद् जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय, उद्योग व्यवसाय साथै सम्बन्धित सरकारी निकाय र सरोकारवाला

संघसंस्थालाई सुझाव सहितको परिमार्जित पूर्वानुमान सम्प्रेषण,

ग) बालबालिका, वृद्धवृद्धा, सामाजिक हिसाबले सिमान्तकृत, विभिन्न प्रकारको अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त माध्यमबाट पूर्वानुमान उपलब्ध गराउने विषय,

घ) त्रास फैलिन नदिन साथै समय-समयमा दिइने अद्यावधिक सूचनाको बारेमा समुदाय तथा सरोकारवालालाई सचेत गर्ने बारे,

ङ) प्रकोपको स्थानीय निगरानीलाई थप सक्रिय बनाउने सम्बन्धी,

च) अद्यावधिक पूर्वानुमानको लागि सम्बन्धित विषयगत निकायसँग समन्वय,

छ) विषयक्षेत्र परिचालन, र

ज) पूर्वानुमानको समयअवधिमा पालना गर्नुपर्ने र गर्न नहुने काम, कर्तव्यका बारेमा समुदाय

तथा सरोकारवालालाई सचेत गर्ने, गराउने।

२१. **अग्रिम राहत सहायता**: (१) दफा ८ बमोजिमको प्रकोपको पूर्वसूचना तथा निर्देशनका आधारमा सम्भावित विपद्बाट जनधन र दैनिक जीविकाको रक्षा गर्न विपद्को जोखिममा रहेका व्यक्ति वा परिवारलाई मानवीय सहायता आवश्यक परेमा प्रकोपको पूर्वानुमान पश्चात देहाय बमोजिमका आधारमा प्रचलित कानुन र मापदण्ड बमोजिमको राहत सहायता उपलब्ध गराउन सकिनेछ ।

क) साविकको बासस्थानबाट अस्थायी आश्रयमा सर्नुपर्दा उक्त व्यक्ति वा परिवारलाई दैनिक गुजाराका लागि भोजन, अन्य अत्यावश्यक बस्तु तथा सेवाको लागि बाह्य सहायता आवश्यक पर्ने भएमा,

ख) दैनिक ज्यालादारीमा गुजारा गर्ने व्यक्ति वा निजको आम्दानीमा आश्रित परिवारले पूर्वानुमान गरिएको प्रकोपका कारण काम गर्न नपाउने अवस्था भएर

आम्दानीको अभावमा विपद् अवधिभर दैनिक गुजाराका लागि भोजन तथा अन्य अत्यावश्यक बस्तु तथा सेवाको लागि बाह्य सहायता अपरिहार्य हुने अवस्था भएमा,

ग) दोदा तथा यसका सहायक नदीबाट हुने बाढी प्रकोपको मामिलामा अनुसूची — १ बमोजिमको सूचकका आधारमा उच्च र मध्यम जोखिममा सूचीकृत गरिएका व्यक्ति वा घरधुरी विस्थापित भई अस्थायी आश्रयमा बस्नुपर्ने अवस्था भएमा,

घ) सम्भावित प्रकोपबाट बचाउन यस कार्यविधि बमोजिम तोकिएको सुरक्षित स्थान वा गोठमा सारिएका पशुपक्षीलाई घाँस, दाना खुवाउन बाह्य सहायता आवश्यक हुने भएमा, र

ङ) प्रकोपको प्रकृति र सम्भावित विपद् प्रभाव अनुसारका अन्य उपयुक्त आधार ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने अग्रिम राहत सहायता नगद, सामग्री वा अन्य स्वरूपमा उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम अग्रिम राहत सहायता उपलब्ध गराउने व्यक्ति, संघसंस्था, निकायले आफुले उपलब्ध गराउने राहत सहायता सम्बन्धमा देहाय बमोजिमको विवरण सहितको प्रस्ताव सम्बन्धित वडाको वडा अध्यक्षबाट रुजु तथा शिफारिस गराई स्वीकृतिका लागि गाउँपालिकाको अध्यक्ष वा तोकिएको अधिकारी समक्ष प्रकोप हुन सक्ने सिजन शुरु हुनु अगावै पेश गर्नुपर्नेछ ।

क) नगद सहायता पाउने व्यक्ति वा घरधुरीको विवरण,

ख) सम्बन्धित व्यक्ति वा घरधुरीले पाउने राहत सहायताको किसिम र परिमाण,

ग) अग्रिम राहत सहायता गर्नुपर्नाको कारण,

घ) प्रापकले राहत सहायता कुन प्रयोजनका लागि उपयोग गर्ने अपेक्षा गरिएको छ,

ङ) राहत सहायता प्रदान गरिने अनुसूची — ५ मा उल्लेखित निर्णायक अवस्था र सहायता उपलब्ध गराइने वैकल्पिक निर्णायक अवस्थाको विवरण,

च) सहायता वितरण गरिने विधि, स्थान, माध्यम, र

छ) अन्य उपयुक्त जानकारी ।

(४) उपदफा (१) बमोजिम उपलब्ध गराउने अग्रिम राहत सहायता उपदफा (३) बमोजिम पेश भएर अध्यक्ष वा तोकिएको अधिकारीबाट स्वीकृत भएपछि तोकिएको समय-अवधिमा वितरण गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृत भएको राहत सहायतालाई अनुसूची — ५ मा उल्लेखित निर्णायक अवस्थामा मात्र वितरण गर्नुपर्नेछ । सामान्यतया ४८ घण्टा भन्दा कम अवसर समय उपलब्ध भएको अवस्थामा नगद सहायता परिचालन गर्नु उपयोगी हुँदैन । यदि सो भन्दा कम अवसर समय रहेको अवधिमा नगद सहायता वितरण गर्नु परे त्यसको कारण र सहायता प्राप्त गर्ने व्यक्ति, घरधुरीले

उक्त सहयोग पूर्वानुमानित प्रकोपको विपद् प्रभाव कम गर्न सदुपयोग गर्न सक्ने अवस्था सुनिश्चित गरेर मात्र वितरण गर्नुपर्नेछ ।

(६) नेपाल सरकारबाट अग्रिम राहत सहायता उपलब्ध गराउने निर्णय भएमा सम्बन्धित तहको विपद् व्यवस्थापन समितिले अनुरोध गरे बमोजिम गाउँपालिकाले आवश्यक समन्वय र सहकार्य गर्नेछ ।

(७) अग्रिम राहत सहायता उपलब्ध गराउँदा कुनै पनि स्रोतबाट पाएको सहायतामा दोहोरोपना नहुने गरी मिलाउनुपर्नेछ ।

(८) पूर्वानुमान गरिएको प्रकोपको घटना नभएमा उक्त सम्भावित घटनाका लागि उपलब्ध गराइएको अग्रिम राहत सहायता पाउने व्यक्ति वा परिवारले अर्को घटनामा प्रयोग गर्नुपर्नेछ । अग्रिम राहत सहायता प्राप्त गरेको तर परिलक्षित प्रकोपको घटना नभएको अवस्थामा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) नगद सहायता दिएको हकमा अर्को घटनामा उक्त रकम सदुपयोग नभएसम्म वा नगद सहायता दिएको मितिले एक वर्षसम्म उक्त व्यक्ति वा घरधुरीलाई पुनः अर्को अग्रिम राहत सहायता नदिने,

ख) गैरखाद्यान्न सामग्री राहत सहायता दिएको हकमा अर्को घटनामा उक्त सामग्री सदुपयोग नभएसम्म वा सहायता दिएको मितिले एक वर्षसम्म उक्त व्यक्ति वा घरधुरीलाई पुनः सोही प्रकृतिको गैरखाद्य सामग्री अग्रिम राहत सहायता नदिने,

ग) खाद्य सामग्री राहत सहायता दिएको हकमा अर्को घटनामा उक्त सामग्री सदुपयोग नभएसम्म वा सहायता दिएको मितिले एक सय दिनसम्म उक्त व्यक्ति वा घरधुरीलाई पुनः सोही प्रकृतिको खाद्य सामग्री अग्रिम राहत नदिने,

घ) कुनै प्रकारको प्राविधिक तथा अन्य सेवाको लागि सहायता दिने हकमा सम्बन्धित सेवा प्रदायकसँग निजले अर्को घटनामा उक्त सेवा उपलब्ध गराउनुपर्ने शर्तनामा गराउने र सेवा प्राप्त गर्न लक्षित व्यक्ति वा

परिवारले प्राप्त नगरेसम्म सेवाप्रदायकलाई रकम भुक्तानी दिन नपर्ने शर्तनामा गर्ने, र

ङ) माथि उल्लिखित बाहेकका अन्य परिस्थितिमा तत्कालीन अवस्थालाई मध्यनजर गरी सम्बन्धित वडाको वडाध्यक्षको लिखित परामर्शमा अध्यक्षले अर्को अग्रिम राहत दिने वा नदिने निर्णय गर्ने ।

## परिच्छेद—४
## विविध

२२. **बिमासम्बन्धी व्यवस्थाः** (१) सबै प्रकारका अग्रिम प्रतिकार्यमा प्रकोपको प्रकृति अनुसार सम्बन्धित विषयमा तालिम प्राप्त दक्ष जनशक्ति परिचालन गर्नुपर्नेछ ।

(२) सम्बन्धित निकाय वा संघसंस्थाले खोज, उद्धार तथा राहतमा परिचालन हुने जनशक्ति, मेशिन औजार तथा सामग्रीको दुर्घटना बिमा गर्नु, गराउनुपर्नेछ ।

२३. **सामुदायिक विपद् व्यवस्थापन समितिको भूमिकाः** (१) सामुदायिक विपद् व्यवस्थापन समितिले यस कार्यविधि

बमोजिम गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग तालमेल हुने गरी पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्य योजना तयार गरी लागु गर्नुपर्नेछ ।

(२) गाउँपालिकामा विभिन्न समुदायमा क्रियाशिल सामुदायिक व्यवस्थापन समितिले पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी र अग्रिम प्रतिकार्य गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

क) समुदायमा उच्च जोखिम, मध्यम जोखिम तथा सामान्य जोखिममा रहेका घरधुरी र जनसंख्याको पहिचान र निर्क्योल गर्न सहयोग गर्ने,

ख) समुदायको लागि सुरक्षित आश्रयस्थल तथा त्यहाँ जाने पहुँच मार्गको पहिचान र व्यवस्थापन गर्ने,

ग) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक क्षमता तथा अपुग क्षमताको लेखाजोखा गर्ने,

घ) समुदायलाई आवश्यक पर्ने पूर्वसूचना संयन्त्र तयार गर्ने साथै

सूचना संप्रेषण गर्न उपयुक्त व्यक्तिहरूलाई जिम्मा लगाउने,

ङ) सूचना सम्प्रेषण गर्न आवश्यक पर्ने फोन, साइरन, माइक, सिट्ठी लगायतका उपकरणको व्यवस्था गर्ने,

च) पूर्वानुमानमा आधारित विपद् पूर्वकार्यको नमुना अभ्यास गर्ने,

छ) गाउँपालिकाको निर्देशन बमोजिम पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्य गर्ने,

ज) अग्रिम प्रतिकार्य साथै राहत सहायता वितरण सम्बन्धमा विवाद भए त्यसको समाधान गर्ने, र

झ) समुदायमा विपद्को जोखिम तथा प्रभाव कम गर्न अन्य आवश्यक काम गर्ने ।

२४. **<u>अभिलेख व्यवस्थापन र प्रतिवेदनः</u>** (१) आपत्कालीन कार्यसञ्चालन केन्द्रले पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्य अन्तर्गत भए गरेका कामको दैनिकरूपमा शिलशिलेवार अभिलेख राख्नुपर्नेछ ।

(२) पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्यको अवधिमा आपत्कालीन कार्यसञ्चालन केन्द्र प्रमुखले कार्यप्रगतिका बारेमा दैनिकरूपमा विपद् व्यवस्थापन समितिका अध्यक्षलाई जानकारी गराउनुपर्नेछ । साथै, साप्ताहिक रूपमा वा सो भन्दा अगावै लिखित प्रतिवेदन तयार गरी विपद् व्यवस्थापन समितिका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ।

(४) अभिलेख व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी अन्य काम, कर्तव्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) आपत्कालीन कार्यसञ्चालन केन्द्रले चौमासिक प्रतिवेदन गाउँपालिकाको वेभसाइटमा अपलोड गर्नुपर्नेछ ।

२५. **अनुगमन तथा मूल्याङ्कनः** (१) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्दा पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्यको समेत अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) अग्रिम मानवीय सहायताको रूपमा दिइएको बस्तु, नगद तथा सेवाको सदुपयोग भए नभएको र सहायताको प्रभावाकारीता सम्बन्धी छुट्टै अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ । यस्तो अनुगमन राहत सहायता प्रदान गरेपछि उपयुक्त समयमा

निरन्तररूपमा गर्न सकिन्छ । अग्रिम सहायताको प्रभावकारीताको मूल्याङ्कन प्रकोपको प्रकृति र सहायताको किसिम अनुसार घटना पश्चात् पुनर्लाभ चरणमा वा सम्बन्धित ऋतु सकिए पछि गर्न सकिनेछ । यसरी गरिएको अनुगमन र मूल्याङ्कनबाट प्राप्त प्रतिवेदन तथा सुझाव विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्दा उपयोग गर्नुपर्नेछ ।

(३) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिकामा संयन्त्र गठन नभएको अवस्थामा उपदफा (२) बमोजिमको अनुगमन तथा मूल्याङ्कन गर्न अध्यक्षले वडा र सामुदायिक विपद् व्यवस्थापन समितिका पदाधिकारी, सम्बन्धित सहयोगी संस्थाका प्रतिनिधिका साथै महिला तथा जोखिममा रहेका समूहको समेत प्रतिनिधित्व हुने गरी विज्ञ व्यक्ति सम्मिलित छरितो कार्यदल गठन गर्नुपर्नेछ । कार्यदल गठन गर्दा कार्यविवरणका साथै काम सम्पन्न गर्ने मिति समेत तोकिदिनु पर्छ ।

(४) उपदफा (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन कार्यदलले प्रचलित कानुन र अभ्यास अनुसार अनुगमन र मूल्याङ्कनको विधि, प्रक्रिया एवं अन्य विषय समावेश गरी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिमको अनुगमन तथा मूल्याङ्कनको सुझाव सहितको प्रतिवेदन तोकिएको समय-अवधि भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनलाई प्राप्त भएको मितिले ५ कार्यदिन भित्र सर्वसाधारणको पहुँच हुने गरी गाउँपालिकाले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

२६. **सिकाइ र अनुभवका आधारमा पूर्वतयारी तथा अग्रिम प्रतिकार्यको परिमार्जन:** (१) पूर्वानुमानमा आधारित विपद् पूर्वतयारी तथा अग्रिम प्रतिकार्यबाट प्राप्त सिकाइ र अनुभवको आधारमा परिच्छेद ३ का साथै सो बमोजिमको पूर्वतयारी तथा अग्रिम प्रतिकार्य योजनामा आवश्यक परिमार्जन गर्न सकिन्छ ।

(२) उपदफा (१) बमोजिमको परिमार्जन गर्दा दफा १० बमोजिमको कार्यदलले जोखिमको पूर्वानुमान, अवसर समय, प्रभावित समुदाय तथा अन्य परिस्थिति साथै सो बमोजिम गरिएका अग्रिम प्रतिकार्यमा भएका सिकाइ र तिनको आधारमा परिमार्जन गर्नुपर्ने कारण र परिमार्जित जोखिम स्तर, अवसर समय, जारी गरिने सुझाव एवं निर्देशन र अग्रिम प्रतिकार्यको विवरण खुलाई अध्यक्ष समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

लालझाडी गाउँपालिका

(३) उपदफा (२) बमोजिम पेश भएको प्रस्ताव विपद् व्यवस्थापन समितिमा छलफल भएर कार्यपालिकाबाट स्वीकृत भएपछि परिमार्जित जोखिम स्तर, अवसर समय, जारी गरिने सुझाव एवं निर्देशन र अग्रिम प्रतिकार्य लागु गर्न सकिनेछ ।

(४) दोदा नदी तथा यसका सहायक नदीमा विभिन्न स्थानमा बाढीको जलसतह, वहावको मात्रा, अवसर समय तथा जलाधारमा भएको वर्षाको प्रकृति र परिमाणका आधारमा गाउँपालिकामा बाढीको जोखिम विश्लेषण र पूर्वानुमान गर्ने प्रारूप अनुसूची — ४ मा दिइएको छ ।

(५) कार्यदलले यस कार्यविधिको अनुसूची — ३ बाहेक अन्य अनुसूचीमा उपलब्ध तथ्य र आवश्यकता अनुसार सामान्य हेरफेर गरी लागु गर्न सक्नेछ ।

२७. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: (१) यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य भई प्रचलित कानून बमोजिम हुनेछ ।

२८. **बाधा, अड्काउ फुकाउने सम्बन्धमाः** (१) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा अध्यक्षले वाधा, अड्काउ फुकाउनेछ ।

लालझाडी गाउँपालिका

# अनुसूची — १

## (परिच्छेद २ को दफा ४ को उपदफा २ सँग सम्बन्धित)

## १. सूचकमा आधारित प्रकोपको जोखिममा रहेका घरधुरीको वर्गीकरण

(क) बाढीको जोखिममा रहेका घरधुरीको वर्गीकरणः- गाउँपालिकामा बाढीको जोखिम सम्बन्धी वर्गीकरण र वर्गीकरण गर्ने आधारहरू देहाय बमोजिम रहेका छन् ।

| जोखिमको वर्ग | आधारभूत सूचकहरू |
|---|---|
| उच्च जोखिम | बलियो तटबन्ध नभएको नदी किनारामा अवस्थित समुदायमा रहेका घरधुरीहरू । भारी वर्षाका कारण घरगोठ डुबान । निरक्षर अपाङ्गता भएका व्यक्ति । अतिविपन्न परिवारका घर तथा झुपडी । यातायात सुविधाको पहुँचविहिन । गर्भवती वा सुत्केरी, वृद्ध, एकल विरामी व्यक्ति । |
| मध्यम जोखिम | बाढिबाट जनजीवन प्रभावित भएको, बाढीका कारण अन्नबाली भिज्ने, बाढीका कारण तरकारी बालीमा नोक्सानी भएको । |
| सामान्य जोखिम | बाढीका कारण सामान्य जनस्वास्थ्यमा असर परेको । |

(ख) आगलागीको जोखिममा रहेका घरधुरीको वर्गीकरणः- गाउँपालिकामा आगलागीको जोखिम सम्बन्धी वर्गीकरण र वर्गीकरण गर्ने आधारहरू देहाय बमोजिम रहेका छन् ।

| जोखिमको वर्ग | आधारभूत सूचकहरू |
| --- | --- |
| उच्च जोखिम | सहजै आगलागी हुन सक्ने झुपडी वा कच्चि घरगोठ मात्र भएको घरधुरी । आगलागीको जोखिम क्षेत्रमा रहेका परिवारका अपाङ्गता भएका परिवारका व्यक्ति, गर्भवती वा सुत्केरी, वृद्ध, एकल सदस्य रहेको परिवारको बिरामी । |
| मध्यम जोखिम | वन डढेलोले समुदाय वा खेतिबालिमा आगलागी हुने जोखिममा रहेको समुदाय । |
| सामान्य जोखिम | आगलागीका कारण स्वास्थ्यमा असर पर्ने गरेको । |

(ग) शीतलहरको जोखिममा रहेका घरधुरीको वर्गीकरणः- गाउँपालिकामा शीतलहरको जोखिम सम्बन्धी वर्गीकरण र वर्गीकरण गर्ने आधारहरू देहाय बमोजिम रहेका छन् ।

| जोखिमको वर्ग | आधारभूत सूचकहरू |
| --- | --- |
| उच्च जोखिम | शितलहरका कारण बालबालिका तथा असक्त व्यक्तिको स्वास्थ्यमा गम्भिर असर परेको । अन्नबालीमा उत्पादन न्यूनीकरण तथा नोक्सानी भएको । पशुचौपायाको मृत्यु भएको । |
| मध्यम जोखिम | शितलहरका कारण बालबालिका तथा असक्त व्यक्तिको स्वास्थ्यमा असर परेको । अन्नबालीमा उत्पादनमा कमी तथा ह्रास भएको । पशुचौपायाको स्वास्थ्यमा असर भएको । |
| सामान्य जोखिम | शितलहरका कारण बालबालिका तथा असक्त व्यक्तिको स्वास्थ्यमा सामान्य असर परेको । अन्नबाली तथा पशुचौपायाको उत्पादत्वमा क्षति भएको । |

(घ) हावाहुरीको जोखिममा रहेका घरधुरीको वर्गीकरणः- गाउँपालिकामा रहेको जोखिम सम्बन्धी वर्गीकरण र वर्गीकरण गर्ने आधारहरू देहाय बमोजिम रहेका छन् ।

| जोखिमको वर्ग | आधारभूत सूचकहरू |
| --- | --- |
| उच्च जोखिम | |
| मध्यम जोखिम | |
| सामान्य जोखिम | |

## २. प्रकोपको जोखिममा रहेका घरधुरीको विवरण फाराम

(क) बाढीको जोखिममा रहेका घरधुरीको विवरण

| वडा नं. | बाढीको जोखिममा रहेको घरधुरी संख्या | | | जम्मा | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | | |
| १ | | | | ६३१ | खल्ला टोल, वनवारी टोल, वन नाला टोल । |
| २ | | | | ४९३ | कञ्ज, कसुवा । |
| ३ | | | | ५७२ | नन्दगाउँ, पर्सिया, बल्मी, डुङ्गा । |
| ४ | | | | ८५९ | सिकलपट्टी जाई (चन्दापुर, शान्ती टोल, मोटर घाट), खल्लाजाई, पर्सिया । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | | | ४९३ | देउवा टोल, बैजनाथ, अन्नपुर्ण । |
| ६ | | | | ५९२ | चान्देव शिविर, ढक्का शिविर । |
| जम्मा | | | | ३६४० | |

नोटः- उच्च, मध्यम तथा सामान्य जोखिममा रहेका घरधुरीको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(ख) बाढीको जोखिममा रहेको पशुपंक्षीको विवरण

| वडा नं. | बाढीको जोखिममा रहेको पशुपंक्षीको संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | |
| १ | | | | ४६६४ |
| २ | | | | ३४३२ |
| ३ | | | | ३८१९ |
| ४ | | | | ५३५० |
| ५ | | | | २५८९ |
| ६ | | | | २७१५ |
| जम्मा | | | | २२५६९ |

नोटः- उच्च, मध्यम तथा सामान्य जोखिममा रहेका घरधुरीको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(ग) आगलागीको जोखिममा रहेका घरधुरीको विवरण

| वडा नं. | आगलागीको जोखिममा रहेको घरधुरी संख्या | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | | |
| १ | | | | ६३१ | |
| २ | | | | ४९३ | |
| ३ | | | | ५७२ | |
| ४ | | | | ८५९ | |
| ५ | | | | ४९३ | |
| ६ | | | | ५९२ | |
| जम्मा | | | | ३६४० | |

नोटः- उच्च, मध्यम तथा सामान्य जोखिममा रहेका घरधुरीको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(घ) आगलागीको जोखिममा रहेका पशुपंक्षीको विवरण

| वडा नं. | आगलागीको जोखिममा रहेको पशुपंक्षीको संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | |
| १ | भैंसीराँगा —<br>गाइगोरु —<br>बाख्रा —<br>पक्षी — | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | | |
| जम्मा | | | | |

नोटः- उच्च, मध्यम तथा सामान्य जोखिममा रहेका घरधुरीको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

(ङ) लालझाडी गाउँपालिकामा आगलागीको जोखिममा रहेका घरधुरीको विवरण

| वडा नं. | लालझाडी गाउँपालिकामा जोखिममा रहेको घरधुरी संख्या | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| जम्मा | | | | | |

नोटः- उच्च, मध्यम तथा सामान्य जोखिममा रहेका घरधुरीको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

लालझाडी गाउँपालिका

(च) आगलागीको जोखिममा रहेका पशुपंक्षीको विवरण

| वडा नं. | लालझाडी गाउँपालिकामा जोखिममा रहेको पशुपक्षीको संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | सामान्य जोखिम | |
| १ | भैंसीराँगा —<br>गाइगोरु —<br>बाख्रा —<br>पक्षी — | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| जम्मा | | | | |

नोटः- उच्च, मध्यम तथा सामान्य जोखिममा रहेका घरधुरीको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा अद्यावधिक गरी राख्नुपर्नेछ ।

३. सुरक्षित आश्रयस्थलको आवश्यकता

(क) सुरक्षित आश्रयस्थल आवश्यक पर्न सक्ने विवरण

| वडा नं. | जोखिममा रहेका समुदायको संख्या | जोखिममा रहेका परिवार संख्या | सुरक्षित आश्रय चाहिने परिवार | अपाङ्गता भएका | बालबालिका (०-९ वर्ष) | वृद्धवृद्धा (७०+ वर्ष) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| | जम्मा | | | | | |

(ख) गाउँपालिकामा मानिसको लागि पहिचान गरिएका सुरक्षित आश्रयस्थलको विवरण


| वडा नं. | सुरक्षित स्थल संख्या | अनुमानित क्षेत्रफल (वर्ग मीटर) | अनुमानित अट्ने क्षमता जनसंख्या | सुरक्षित आश्रय चाहिने (जनसंख्या=परिवार*५.२८) | | अग्रिम राहत सहायता चाहिने | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिवार | जनसंख्या | परिवार | जनसंख्या |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| जम्मा | | | | | | | |

सुरक्षित आश्रयस्थलको विस्तृत विवरण आपत्कालीन कार्यसञ्चालन केन्द्रमा उपलब्ध हुनेछ ।

# अनुसूची— २

## परिच्छेद २ को दफा ६ को उपदफा १ सँग सम्बन्धित

## पूर्वसूचना सञ्चार संयन्त्र




यहाँ पूर्वसूचना संयन्त्रको प्रारूप राखिन्छ । यो आपत्कालीन कार्यसञ्चालन केन्द्रमा पूर्वानुमान प्राप्त गर्ने र कार्यदलले पूर्वानुमान विश्लेषण गरेपछि पूर्वानुमान सूचना सहितको निर्देशन, सुझाव पठाउने सञ्चार संयन्त्र हो ।


नोटः- शाखाका छुट्टाछुट्टै संयन्त्र हुन सक्छन् । जस्तैः सामाजिक सुरक्षा शाखाबाट अपाङ्गता भएका व्यक्तिको हेरचाह गर्ने अभिभावक, वृद्धवृद्धा, एकल व्यक्ति आदिलाई खबर गर्ने सूचना संयन्त्र ।

पूर्वसूचना तथा सूझाव निर्देशन संप्रेषण माध्यम र औजार

- स्थानीय रेडियो

- ग्रुप एसएमएस
- माइकिङ
- फोन, मोवाइल फोन
- सामाजिक सञ्जाल

## समुदायमा पूर्वसूचना संप्रेषण संयन्त्र



# अनुसूची — ३

(परिच्छेद २ को दफा ७ कोसँग सम्बन्धित)

## कार्यदलको काम, कर्तव्य र अधिकार

१. जल तथा मौसम विज्ञान विभागबाट प्राप्त नियमित मौसम पूर्वानुमान, समय-समयमा जारी हुने विषम मौसम तथा यसको प्रभाव सम्बन्धी पूर्वानुमान र चट्याङ्ग, आँधीहुरी, असिना, बाढी, खडेरी, शीतलहर, तातो हावाको लहर, लगायतका प्रकोपको बारेमा पूर्वानुमान र अन्य उपयुक्त सूचना प्राप्त गर्ने ।

२. अन्य विभाग, निकाय वा भरपर्दो स्रोतबाट प्राप्त हुने भूकम्प, आगलागी, रोगव्याधी, खेतिबालीमा रोगकीराको प्रकोप, पशुपंक्षीमा रोगको महामारी आदि विभिन्न प्रकोपसम्बन्धी जानकारी प्राप्त गर्ने ।

३. समुदाय तथा गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्रमा बाढी, शीतलहर, रोगव्याधी, आगलागी लगायतका प्रकोपको जोखिमको समय-समयमा अनुगमन, नियमित निगरानी र सो को आधारमा जोखिम पूर्वानुमान तथा सूचना सम्प्रेषणको समन्वय र सहयोग गर्ने ।

४. जल तथा मौसम विज्ञान विभाग, अन्य विभाग तथा निकाय, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र गाउँपालिकाको विभिन्न समुदाय तथा भौगोलिक क्षेत्रमा अनुगमन गरी प्राप्त हुने सूचनाको विश्लेषण गरी गाउँपालिका, समुदाय तथा विभिन्न विषयक्षेत्रमा पर्न

सक्ने असर/प्रभावको आँकलन गर्ने । सम्भावित असर/प्रभाव कम गर्न तथा बचावटका लागि अपनाउनुपर्ने उपायको बारेमा सुझाव, निर्देशन तयार गर्ने ।

५. सम्बन्धित निकाय, समुदाय र सरोकारवालाहरूले अपनाउनु पर्ने सावधानी तथा अन्य पूर्वतयारी सम्बन्धी सुझाव र निर्देशन सहितको जानकारी, सूचना गाउँपालिकाको सबै शाखा, वडा, समुदाय स्तरका कार्यदल, सरकारी, निजी तथा गैरसरकारी लगायतका संघसंस्था, निकाय साथै सम्बन्धित समुदाय र जोखिम समूहका व्यक्ति समेतलाई समयमै सम्प्रेषण गर्ने ।

६. गाउँपालिका, वडा तथा समुदाय स्तरमा प्रकोपको अनुगमन, निगरानीका साथै विपद् जोखिम पूर्वानुमान तथा सूचना सम्प्रेषण संयन्त्र तयार गर्न र परिचालन गर्न आवश्यक नेतृत्व र सहयोग गर्ने ।

७. गाउँपालिका, वडा तथा समुदाय स्तरमा प्रकोपको अनुगमन, निगरानीका साथै विपद् जोखिम पूर्वानुमान तथा सूचना सम्प्रेषण सम्बन्धी अध्ययन, तालिम, घटना अभ्यास गर्ने, गराउने ।

८. पूर्वानुमानको प्राप्ती, विश्लेषण, सुझाव तथा निर्देशन तयारी, सम्प्रेषण तथा पूर्वानुमानमा आधारित पूर्वकार्य सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## अनुसूची – ४
## (परिच्छेद २ को दफा ७ को उपदफा ४ सँग सम्बन्धित)
## दोदा, मच्छेली, स्याली नदी तटवर्ती क्षेत्रमा बाढीको जोखिम विश्लेषण र पूर्वानुमान गर्ने प्रारूप

(क) बाढीको वहाव र डिस्चार्जका आधारमा अवसर समय र जोखिम विश्लेषण

| स्टेसन | जल सतह | खतराको स्तर | बाढीको अवस्था | उपलब्ध अवसर समय | सुझाव, निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|
| कोलमोडा | ४ मिटर | चेतावनी | बढ्दो | | | |
| | | | स्थिर | | | |
| | | | घट्दो | | | |
| | ४.९ मिटर | खतरा | बढ्दो | | | |
| | | | स्थिर | | | |
| | | | घट्दो | | | |
| बेलकुण्डी | ३ मिटर | चेतावनी | बढ्दो | घण्टा | सजग रहने, सुरक्षित स्थानमा जान तयार रहने, आगामी सूचनाको प्रतिक्षा गर्ने । | डुवान विश्लेषण मोडेलका आधारमा तयार गरिएको |
| | | | स्थिर | | | |
| | | | घट्दो | | | |
| | ४ मिटर | खतरा | बढ्दो | | | |
| | | | स्थिर | | | |
| | | | घट्दो | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दोदा पुल | ४.५ मिटर | चेतावनी | बढ्दो | | | डुवान विश्लेषण मोडेल र स्थानीय अवलोकनका आधारमा तयार गरिएको |
| | | | स्थिर | | | |
| | | | घट्दो | | | |
| | ५.५ मिटर | खतरा | बढ्दो | | | |
| | | | स्थिर | | | |
| | | | घट्दो | | | |

(ख) दोदा नदीको जलसतह, जलाधारमा वर्षाको अवस्थाको आधारमा जोखिमस्तर पूर्वानुमान तालिका

| जलसतह | बाढीको क्रम | गत २४ घण्टाको कुनै पनि अवधिमा जलाधारमा वर्षा | खतरा तह पार गर्ने सम्भावना | समुदायमा बाढी पुग्न लाग्ने समय | सुझाव, निर्देशन |
|---|---|---|---|---|---|
| चेतावनी तहभन्दा तल | बढ्दो | छैन | छैन/न्यून/मध्यम/उच्च | | सूचना जारि गर्न नपर्ने |
| | | हल्का | छैन/न्यून/मध्यम/उच्च | | ? |
| | | मध्यम | छैन/न्यून/मध्यम/उच्च | | ? |
| | | भारी | छैन/न्यून/मध्यम/उच्च | ५ घण्टा | सजग गराउने |
| | | अतिभारी | छैन/न्यून/मध्यम/उच्च | ३ घण्टा | ?? |
| | स्थिर | छैन | छैन | | |
| | | हल्का | छैन/न्यून/ | | |
| | | मध्यम | न्यून/मध्यम | | |
| | | भारी | न्यून/मध्यम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अतिभारी | मध्यम/उच्च | | |
| | घट्दो | छैन | छैन | | |
| | | हल्का | छैन | | |
| | | मध्यम | छैन/न्यून | | |
| | | भारी | न्यून/मध्यम | | |
| | | अतिभारी | मध्यम/उच्च | | |
| चेतावनी तहभन्दा माथि तर खतरा तहभन्दा तल | बढ्दो | छैन | | | |
| | | हल्का | | | |
| | | मध्यम | | | |
| | | भारी | | | |
| | | अतिभारी | | | |
| | स्थिर | छैन | | | |
| | | हल्का | | | |
| | | मध्यम | | | |
| | | भारी | | | |
| | | अतिभारी | | | |
| | घट्दो | छैन | | | |
| | | हल्का | | | |
| | | मध्यम | | | |
| | | भारी | | | |
| | | अतिभारी | | | |
| खतरा तह वा सोभन्दा माथि | बढ्दो | छैन | | | |
| | | हल्का | | | |
| | | मध्यम | | | |
| | | भारी | | | |
| | | अतिभारी | | | |
| | स्थिर | छैन | | | |
| | | हल्का | | | |
| | | मध्यम | | | |
| | | भारी | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अतिभारी | | | |
| | घट्दो | छैन | | | |
| | | हल्का | | | |
| | | मध्यम | | | |
| | | भारी | | | |
| | | अतिभारी | | | |

बाढी पहिरोको लागि भारी वर्षाको मोटामोटी थ्रेसहोल्डः- एक घण्टामा ६० मिलिमिटर, तीन घण्टामा ८० मिलिमिटर, छ घण्टामा १०० मिलिमिटर, १२ घण्टामा १२० मिलिमिटर, २४ घण्टामा १४० मिलिमिटर ।

(ग)जल तथा मौसम विज्ञान विभागले गरेको वर्षाको वर्गीकरण

| वर्षाको मात्रा २४ घण्टाको )<br>(जम्मा वर्षा | वर्ग |
|---|---|
| १० मिलिमिटर भन्दा कम | हल्का वर्षा (light rain |
| १० मिलिमिटर देखि ५० मिलिमिटरसम्म | मध्यम वर्षा (Moderate rain) |
| ५० मिलिमिटर देखि १०० मिलिमिटरसम्म | भारी वर्षा (Heavy rain) |
| १०० मिलिमिटर देखि २०० मिलिमिटरसम्म | धेरै भारी वर्षा (Very heavy rain) |
| २०० मिलिमिटर देखि माथि | अतिभारी वर्षा (Extremely heavy rain) |

# अनुसूची — ४

(परिच्छेद २ को दफा ७ को उपदफा ४ सँग सम्बन्धित)

(क) जल तथा मौसम विज्ञान विभगले गरेको ऋतुको वर्गीकरण

| ऋतुको नाम | अङ्ग्रेजी पात्रो अनुसारको अवधि | नेपाली पात्रो अनुसारको अवधि |
|---|---|---|
| मनसुन (Monsoon) | जून १ देखि सेप्टम्बर ३० | करिब जेठ १९ देखि असोज १५ |
| शरद (Post – Monsoon) | अक्टोबर १ देखि नोभेम्बर ३० | करिब असोज १६ देखि मंसिर १५ |
| जाडो (Winter ) | डिसेम्बर १ देखि फेब्रुवरी २८ | करिब मंसिर १६ देखि फागुन १६ |
| पूर्व-मनसुन (Pre-Monsoon) | मार्च १ देखि मे ३१ | करिव फागुन १६ देखि जेठ १८ |

## अनुसूची — ५

(परिच्छेद ३ को दफा २१ को उपदफा ५ सँग सम्बन्धित)

(क) पूर्वानुमान अनुसार मानवीय सहायता (नगद सहायता समेत) परिचालनको लागि निर्णायक समय र पूर्वकार्यको प्रारूप

| निर्णायक अवस्था | तयारी कार्य | प्रतिकार्य |
|---|---|---|
| ऋतुगत पूर्वानुमान | अग्रीम मानवीय सहायता सम्बन्धी तयारी ।<br>मानवीय सहायता प्रदान गर्ने संस्था र गाउँपालिका विच सहयोग सम्झौता गर्ने । | विपद् पूर्वतयारी पुरा भए नभएको यकिन गरी पूर्वतयारी पुरा गर्ने । मुख्यतः दफा १२ मा उल्लेखित कार्यहरू । |
| १५ दिनसम्मको मौसम परिदृष्य | अग्रीम मानवीय सहायतालाई तम्तरयार अवस्थामा राख्ने । नगद हस्तान्तरण संयन्त्र र | परिदृष्यको सुनिश्चितता साथै सम्भावित प्रकोपको प्रकृति र प्रभावस्तर अनुसार आवश्यक भएमा |

| | | |
|---|---|---|
| | अन्य तयारी कार्यहरू गर्ने । | संघसंस्थालाई गाउँपालिका वा सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समितिको खातामा रकम जम्मा गर्न अनुरोध गर्ने । |
| ७ दिनसम्मको मौसम परिदृष्य | अग्रीम मानवीय सहायतालाई तम्तरयार अवस्थामा राख्ने । पूर्वस्वीकृत नगद हस्तान्तरण संयन्त्र र अन्य तयारी कार्य गर्ने । | परिदृष्यको सुनिश्चितता साथै सम्भावित प्रकोपको प्रकृति र प्रभावस्तर अनुसार आवश्यक भएमा गाउँपालिका, सम्बन्धित सामुदायिक विपद् व्यवस्थापन समिति वा लक्षित व्यक्तिको खातामा रकम जम्मा गर्ने । |
| ३ दिनसम्मको | पूर्वानुमानित अवस्था हेरी आपत्कालीन | अवस्था हेरी आवश्यकता अनुसार |

| | | |
|---|---|---|
| पूर्वानुमान | पूर्वतयारी गर्ने । क्लष्टरहरूको परिचालन गर्न पूर्वतयारी र समन्वय गर्ने | जोखिम समूहलाई सुरक्षित स्थानमा सर्न अनुरोध/निर्देशन गर्ने । मानवीय सहायता परिचालन गर्ने । |
| २४ घण्टाको पूर्वानुमान | आवश्यक पूर्वतयारीका कार्यहरू | जोखिम स्तर अनुसार अग्रीम प्रतिकार्य |
| २४ घण्टाभन्दा कम समयको सूचना | आवश्यक पूर्वतयारीका कार्यहरू | जोखिम स्तर अनुसार अग्रिम प्रतिकार्य |

आज्ञाले
राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत